# प्रभु स्टक मार्केट लिमिटेड

बुद्धनगर, का.म.न.पा.-१०, काठमाडौं

## तेस्रो वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/१३ गते मंगलबार)

आदरणीय शेयरधनी महानुभावहरू,

मिति २०८३ साल भाद्र २९ गते बसेको सञ्चालक समितिको ७१औं बैठकको निर्णयबमोजिम यस प्रभु स्टक मार्केट लिमिटेडको तेस्रो वार्षिक साधारणसभा देहायको मिति, स्थान र समयमा निम्नलिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ।

### सभा हुने मिति, स्थान र समयः

सभा हुने मिति : २०८३ साल आश्विन २३ गते शुक्रबार (तदनुसार २०२६ अक्टोबर ९ तारेख)

स्थान : कम्पनीको कार्यालय, बुद्धनगर, नयाँबानेश्वर, का.म.न.पा.-१०, काठमाडौं।

समय : अपरान्ह ४:०० बजे।

### छलफलका प्रस्तावहरूः

**(क) साधारण प्रस्तावहरू**

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. आर्थिक वर्ष २०८२/८३ को वासलात, नाफानोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह लगायतका लेखापरीक्षण प्रतिवेदनमा छलफल गरी पारित गर्ने।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. कम्पनीको सञ्चालक समितिले समितिको रिक्त स्थानमा गरेको सञ्चालकहरूको नियुक्तिलाई अनुमोदन गर्ने।

५. कम्पनीको आ.व. २०८२/८३ को मुनाफा तथा रिजर्ब कोषबाट कम्पनीको चुक्तापूँजीको ५ प्रतिशतले हुने रकम रु. १ करोड कम्पनीको शेयरधनीलाई नगद लाभांश वितरण गर्ने।

६. विविध।

**(ख) विशेष प्रस्तावहरू**

१. कम्पनीको सञ्चालक समितिको संख्या परिवर्तन गर्न नियमावलीको नियम २७ (१) (क) मा संशोधन गर्ने।

२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधासम्बन्धी व्यवस्थामा संशोधन गर्न कम्पनीको नियमावलीको नियम ३२ (२) संशोधन गर्ने।

३. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने।

---

prabhu STOCK | 99 Broker No.

*(A Subsidiary Of Prabhu Bank Limited)*


प्रभु स्टक मार्केट लिमिटेड

**Prabhu Stock Market Limited**

बुद्धनगर, का.म.न.पा.-१०, काठमाडौं फोन नं.: ०१-५९०४२७१/५९०४२७२

**Email:** info@prabhustock.com, **Website:** https://prabhustock.com